त्रि.वि. द्वारा स्वीकृत पाठ्यक्रमा आधारित  स्नातक प्रथम वर्ष ऐ.
नेपाली ४१६नेपाली कथा र उपन्यास

# नेपाली कथा र उपन्यास


## लेखक
## देवेन्द्रबहादुर बानिया

## मेरो भनाइ

यो E book त्रिभुवन विश्वविद्यालयको चार वर्षे वि .एड. प्रथम वर्षको मूल ऐच्छिक र अतिरिक्त ऐच्छिक विषय लिएर अध्ययन गर्ने विद्यार्थीहरुका लागि **नेपाली कथा र उपन्यास (४१६)** पाठ्यक्रममा आधारित रही तयार पारिएको छ।वर्तमान सन्दर्भमा अधिकांश विद्यार्थीहरु विभिन्न कारणले चाहेर पनि क्याम्पसका भौतिक कक्षामा उपस्थित हुन नसकेका कारणले उनीहरुको शैक्षिक गुणस्तर दिन प्रतिदिन खस्कँदै गइरहेको छ । यसर्थ यो E book विद्यार्थीहरुको फुर्सदको समयमा उनीहरुको रुचि अनुसार उनीहरु रहेकै स्थानमा प्रविधिको प्रयोग गरी अध्ययन गर्न सकून् र खस्कँदो शैक्षिक अवस्थामा सुधार ल्याउन् भन्ने मूल उद्देश्यका साथ तयार पारिएको छ । यस E book को अधिकतम उपयोग गरी विद्यार्थीहरुले स्तरअनुरुप ज्ञान हसिल गरी आफ्नो सिकाइलाई दिगो बनाउनुका साथै परीक्षामा उच्चतम अङ्क प्राप्त गर्न यो पुस्तक महत्वपूर्ण अध्ययन सामग्री बन्नेछ भने अर्कोतर्फ साहित्यका अध्ययता र शिक्षण सिकाइ क्रियाकलापमा संलग्न हुने शिक्षकहरुका लागि पनि उत्तिकै सहयोगी सिद्ध हुनेछ भन्ने विश्वास लिएको छु।

प्रस्तुत E book तयार पार्नको लागि सल्लाह, सुझाव र प्रेरणा प्रदान गर्नुहुने क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष, क्याम्पस प्रमुख र यस पुस्तकको डिजाइन लगायत अन्य प्राविधिक कुराहरुमा सहयोग गर्नुहुने यस क्याम्पसका UGC GRANTS अन्तर्गतका फोकल पर्सन युवराज दाहाल र ICT विभाग प्रमुख टीका थेवे प्रति विशेष आभार प्रकट गर्दछु । यस क्याम्पसमा अध्यापनरत सम्पूर्ण प्रध्यापक, उपप्राध्यापक ,सहायक प्रध्यापक,प्रशिक्षक , कर्मचारी र विद्यार्थीहरुलाई हृदयतःधन्यवाद प्रकट गर्दछु । आगामी दिनहरुमा सबै पक्षबाट सकारात्मक एवम् रचनात्मक सुझावको अपेक्षा गर्दै यो E book को अध्ययन गरी मूल्याङ्न गर्ने जिम्वेवारी यहाँहरुलाई सुम्पन पाउँदा अत्यन्त खुसी महसुस गरेको छु।

**भूमिका**

साहित्य सृजनाको महत्वपूर्ण विधाहरूमध्ये उपन्यास एक विशिष्ट स्थान ओगट्ने विधा हो। मानव समाजका विविध पक्षलाई जीवन्त रूपमा प्रस्तुत गर्ने उपन्यास साहित्यले पाठकलाई संवेदनशील बनाउन, समाजप्रति सजग गराउन तथा कल्पनाशीलता बढाउन महत्त्वपूर्ण भूमिका खेल्छ।

उपन्यास भनेको एक विस्तारित कथा हो, जसमा चरित्रहरूको विकास, घटनाक्रमको गहिराइ तथा वातावरणको चित्रणलाई विशेष ध्यान दिइन्छ। यसमा समाजका विविध पक्ष, संस्कार, संस्कृतिका साथै व्यक्तिका मनोवैज्ञानिक तथा दार्शनिक पक्षहरूको पनि विश्लेषण गरिन्छ। उपन्यास साहित्यले यथार्थवाद, रोमान्टिकता, आदर्शवाद, रहस्यवाद लगायतका विभिन्न शैलीहरू समेट्न सक्ने विशेषता राख्दछ।

यस E - book उपन्यासको परिचय, परिभाषा तथा यसको रचनाविधानसम्बन्धी जानकारी समेटिएको छ। उपन्यासको संरचना, यसको इतिहास, प्रवृत्ति, शैली तथा तत्वहरूबारे गहन अध्ययन प्रस्तुत गर्न खोजिएको छ। साथै, सफल उपन्यासकारहरूका दृष्टिकोण, लेखन शैली तथा प्रभावकारी उपन्यास सिर्जनाका प्रक्रियाहरूलाई पनि समेट्ने प्रयास गरिएको छ।

यस पुस्तकले उपन्यास लेखनमा रुचि राख्ने साहित्यप्रेमी, विद्यार्थी, लेखक तथा अनुसन्धानकर्ताहरूलाई मार्गदर्शन प्रदान गर्ने विश्वास लिइएको छ। उपन्यास लेखनको सैद्धान्तिक पक्ष मात्र नभई यसको व्यवहारिक पक्षसमेत समेट्न खोजिएकाले यो पुस्तक उपन्यास लेखनमा संलग्न सर्जकहरूका लागि उपयोगी हुनेछ।

## **अध्याय** – एक

उपन्यास सिद्धान्त

[**उपन्यासको परिचय**]

[**उपन्यासको परिभाषा**]

## अध्याय दुई

[**उपन्यासको रचनाविधान**]

उपन्यासको परिचय

साहित्यका विभिन्न विधामध्ये उपन्यास सबैभन्दा लोकप्रिय र प्रचलित विधा हो। "उप+नि+अस्+अ" पदहरूको योगबाट बनेको "उपन्यास" शब्दको अर्थ हुन्छ–नजिक राखिएको अथवा व्यवस्थापूर्वक प्रस्तुत गरिएको कथा।

अंग्रेजीमा उपन्यासलाई "Novel" भनिन्छ, जुन ल्याटिन भाषाको *novus* शब्दबाट उत्पन्न "Novella" बाट आएको हो। यो शब्द फ्रेञ्च र इटालियन भाषामा पनि प्रचलित छ–मराठीमा "नवलिका" र गुजरातीमा "नवलकथा" भनेर चिनिन्छ।

"उप" उपसर्गले नजिक भन्ने जनाउँछ भने "न्यास" ले राख्ने वा स्थापन गर्ने अर्थ दिन्छ। यसरी उपन्यास भन्नाले–कथाहरूलाई संगठित, क्रमबद्ध ढङ्गले प्रस्तुत गरिएको गद्य रचनालाई बुझिन्छ।

आधुनिक दृष्टिकोणले हेर्दा उपन्यास एउटा विस्तृत साहित्यिक विधा हो जसमा कल्पना, यथार्थ, चरित्र विकास, संवाद आदि समावेश हुन्छ।

यद्यपि संस्कृत व्याकरण अनुसार उपन्यास शब्दको व्युत्पत्ति देखिन्छ, पूर्वीय साहित्यमा यसको परिपक्व रूप खासै देखिन्न। भरतमुनि, भामह, दण्डी, धनञ्जय तथा विश्वनाथ जस्ता साहित्यिक चिन्तकहरूले यस शब्दको प्रयोग आफ्नै शैलीमा गरेका छन्।

तथापि उपन्यास लेखनको परिपाटी पाश्चात्य साहित्यबाट नै विकसित भएको मानिन्छ। कथा, कविता, तथा नाटकको तुलनामा उपन्यास बढी स्वतन्त्र र व्यापक विधा हो।

यसमा जीवनका विविध पक्षहरूलाई समेट्ने क्षमता हुन्छ–धार्मिक, सामाजिक, राजनीतिक, मनोवैज्ञानिक आदि आयामहरू उपन्यासले समेट्न सक्छ। परिणामस्वरूप उपन्यास गद्यमा लेखिएको एउटा बृहत् साहित्यिक विधा हो जसले मानव जीवनका अन्तरदृष्टि र परिप्रेक्ष्य प्रस्तुत गर्दछ।

**उपन्यासको परिभाषा**

साहित्यका विधामध्ये उपन्यास आढी लोकप्रिय विधा हो ।पाश्चात्य साहित्यमा व्यापकता पाएको यस विधाका सम्बन्धमा पूर्वीय तथा पाश्चात्य साहित्यका विभिन्न विद्वानहरुले उपन्यासलाई आ-आफ्नै ढङ्गबाट चिनाउने कोशिस गरेका छन् । उनीहरुले दिएका केही परिभाषालाई निम्नानुसार उल्लेख गरिएको छः

**पश्चिमेली विद्वानहरुका अनुसार उपन्यास**

- उपन्यास मानव अनुभवहरुको निरुपण हो ,त्यो पदार्थ वा आदर्श तर त्यसका जीवनको आलोचना रहन्छ । **- मूलर**
- उपन्यास प्रकथनपूर्ण हो, जसमा कथानक हुन्छ । **-प्रोफेसर वारेन**
- उपन्यास भनेको सुखान्त गद्य महाकाव्य हो । **- हेनरी फिल्डिङ**
- वास्तविक जीवन, चालचलन र आफ्नो समयको तस्बिर हो उपन्यास । **-क्लारा रिब्स**

**पूर्वीय विद्वानहरूको दृष्टिमा उपन्यास**

- युक्तिपूर्ण ढंगले आफ्नो अभिप्रायलाई प्रस्तुत गर्न उपन्यास हो। - **भरतमुनि**
- उपन्यास भनेको कसैलाई प्रसन्न गराउनु हो। **-विश्वनाथ**
- उपन्यास नयाँ युगको नयाँ अभिव्यक्तिको नयाँ रूप हो। **- डाक्टर सत्येन्द्र**
- म उपन्यासलाई मानव जीवनको चित्र ठान्दछु। **-प्रेमचन्द्र ठाकुर**
- बहुविध संरचनात्मक एकाइद्वारा हरेक अङ्ग परस्परमा श्रृङ्खलाबद्ध भई निश्चित मूल्य प्राप्त गरेको तथा व्यापक परिधिभरिको समय र स्थानभित्र विस्तारित भएको कला सौन्दर्ययुक्त कथात्मक गद्यलाई उपन्यास भनिन्छ । **- दयाराम श्रेष्ठ र मोहनराज शर्मा (२०४९: ९७)**
- यथार्थसँग परिचय साथको सन्धान मूल्यको संरक्षण जीवन वैविध्यमाथि एकरुपता प्रदान जीवन शिक्षण व्यक्तित्वको पुनर्मवेसन माथिको प्राप्ति उपन्यासका प्रमुख दायित्व हुन्। **- इन्द्रबहादुर राई**

माथिका विद्वानहरुले दिएका परिभाषा अनुसार उपन्यास जीवन र समाजको प्रतिनिधित्व गर्ने पात्र तथा कार्यहरू समाहित गरिएको र लामो कलेवर भएको गद्याख्यानमय साहित्यिक विधा हो।

## अध्याय दुई

## उपन्यासको रचनाविधान

साहित्यका अन्य विधाकै जस्तै उपन्यास निर्माणमा आफ्नै किसिमका तत्व रहेका हुन्छन् । कुनै पनि वस्तुको संरचनात्मक परिपूर्णताको लागि आवश्यक पर्ने अवयव वा उपकरणलाई तत्त्व भनिन्छ। यो सम्बन्धित संरचनाको घटकका रूपमा रहेको हुन्छ। साहित्यका आफ्नै किसिमको संरचनात्मक स्वरूप हुने भएकाले तद्गत पूर्णताका लागि यस्ता तत्व आवश्यक हुन्छन् । तिनै तत्त्वमध्ये पनि कतिपय तत्त्व अनिवार्य हुन्छन् र कतिपय सहायक हुन्छन् । यी तत्वहरुको कुशल र कलापूर्ण संयोजनमा नै कुनै पनि साहित्यिक संरचना वा विधाको सफलता निर्भर हुन्छ। उपन्यास पनि अत्यन्त महत्वपूर्ण साहित्यिक विधा भएकोले यसको संरचनामा पनि तत्वगत संरचनाका घटक वा अवयवहरुले गहन भूमिका खेलेका हुन्छन् उपन्यास संरचनामा पाइने यस्ता तत्त्वहरूमा कथानक, चरित्र, संवाद, वातावरण, भाषाशैली, उद्देश्य ,दृष्टिबिन्दु प्रमुख घटक हुन्। यिनीहरूको छोटो चर्चा निम्नानुसार गरिन्छ।

**क . कथानक**

उपन्यास रचनाका लागि अनिवार्य तत्व कथानक हो। अंग्रेजी शब्द प्लटको रूपान्तरण कथानक हो। पूर्वीय समीक्षाशास्त्रमा यसलाई वस्तु भनेर चिनाइएको पाइन्छ। औपन्यासिक तत्त्वका सन्दर्भमा यसलाई उपन्यासको मेरुदण्ड मानिएको छ। उपन्यासभित्र सुरुदेखि अन्त्यसम्म जुन घटनाको श्रृङ्खला हुन्छ त्यही घटना उपन्यासको कथानक हो। कथानकमा उपन्यास विभिन्न आकार र आयाम लिएर फैलिएको हुन्छ। उपन्यासमा जीवन र जगतको कुनै पनि पाटो र परिवेशबाट कथानकको चयन गर्न सकिन्छ। लोक कथा, संस्कृति, परम्परा, रहनसहन, सामाजिक, आर्थिक, राजनीतिक, ऐतिहासिक, मनोवैज्ञानिक आदि विविध विषय र क्षेत्रमा छरिएका गतिविधि र कार्य व्यापारलाई टिपेर औपन्यासिक कथाको संयोजन गर्न सकिन्छ।

**ख.चरित्र / पात्र**

उपन्यासको अर्को महत्त्वपूर्ण घटक चरित्र पात्र हो। पात्रकै माध्यमबाट उपन्यासको कथानकलाई डोहोर्‍याउने काम गरिन्छ। चरित्रका सम्बन्धमा प्रकाश पार्दै औपन्यासिक पात्रहरूलाई स्थूल रुपमा दुई प्रकारमा विभाजन गरेर डा. शान्ति स्वरूप गुप्ताले व्यक्तिगत चारित्रिक विशेषता भएका पात्रलाई व्यक्ति प्रधान र किसान, जमिन्दार आदि वर्गको प्रतिनिधित्व गर्ने पात्रलाई वर्गप्रधान भनेका छन् । ई .एम. फोस्टर (१९६४) ले प्रवृत्तिका आधारमा उपन्यासका पात्रलाई सपाट (फ्ल्याट) र वर्तुल ( राउण्ड) गरी दुई किसिममा बाँडेका छन् । अर्का समीक्षाशास्त्री डब्ल्यू ने हार्वेले मुखपात्र पोटागोनिस्ट, पृष्ठभूमि पात्र, फिसेल र कार्ड पात्रको उल्लेख गरेका छन्। उनका

विचारमा उपन्यासको केन्द्रीय चरित्र मुखपात्र, उक्त पात्रलाई उज्ज्वल बनाउन भिडको प्रतिनिधित्व गर्ने पृष्ठभूमि पात्र, अनि समाज र मुख पात्रको मध्यस्थता गराउने फिसेल र ठट्यौलो तथा कारुणिक पात्र कार्ड हो। यस बाहेक उपन्यासका पात्रलाई उनीहरूको भूमिकाका आधारमा पनि विभाजन गर्न सकिन्छ।

यसरी हेर्दा उपन्यासको कथानकलाई अघि बढाउन त्यसका चरित्रहरूको गहन भूमिका हुने भएकाले चरित्र वा पात्र उपन्यासको आधारभूत तत्व हो।

**ग. परिवेश/ वातावरण**

उपन्यासमा कथानक, चरित्र आदि क्रियाशील हुने प्रकृति, समाज, स्थान, समय, व्यक्ति र उसको मनोदशा आदिलाई परिवेश भनिन्छ। यसैलाई देशकाल तथा वातावरण पनि भनिन्छ। उपन्यासमा पात्रको मानसिक स्थिति आदिलाई आन्तरिक र भौतिक प्रस्तुतिलाई बाह्य परिवेश भनिन्छ।

**घ. संवाद / कथोपकथन**

उपन्यासमा पात्रहरूको बीचमा हुने कुराकानीलाई कथोपकथन वा संवाद भनिन्छ। यसका माध्यमबाट उपन्यासमा सम्बन्धित पात्रको मनस्थिति, घटना र कार्यको राम्ररी जानकारी हुन सक्ने हुँदा आख्यानात्मक कृतिमा संवादको भूमिका प्रभावकारी मानिन्छ। वस्तुत: रोचक, स्वभाविक, सहज पात्र तथा परिस्थितिसँग अनुकूल कथोपकथन भएमा उपन्यासले सजिवता, यथार्थता, गहनता र विषदता जस्ता गुण प्राप्त गर्न सक्दछ। उपन्यासमा भएको संवाद पात्र विषयवस्तु अनुकूल हुनुपर्दछ । संवाद वास्तविक पनि हुनुपर्दछ।

**ङ.भाषाशैली**

भाषा भन्नाले साहित्यकारले आफना रचनामार्फत विशिष्ट भाव, विचार, चिन्तन आदिलाई अभिव्यक्त गर्ने साधन वा माध्यम र शैली भनेको सम्बन्धित रचनाकारको अभिव्यक्ति प्रणाली भन्ने र निजको विशिष्ट प्रभाव भएको रचना शिल्प हो। उपन्यासमा भाषाको गद्यरूप प्रयुक्त हुन्छ। यसैले उपन्यास भाषा अभिव्यक्तिको रूप पनि हो र सामग्री पनि हो। बिम्ब, प्रतिक, अलङ्कार आदि उपन्यासका सामग्री हुन् भने यी सामग्री पनि भाषाकै माध्यमबाट अभिव्यक्त हुन्छन्। भाषाका आधारमा उपन्यास सरल, जटिल, अलङ्कृत,क्लिष्ट आदि विविध बन्न सक्छन्।

शैलीका आधारमा पनि उपन्यास विविध हुन सक्छन्। यस आधारमा सामान्यत वर्गीकरण गर्दा उपन्यास वर्णनात्मक, आत्मकथात्मक, पत्रात्मक, डायरी गरी चार किसिमका पाइन्छन् ।

**च. उद्देश्य**

सबै किसिमका सिर्जनाको कुनै न कुनै उदेश्य राखेर गरिएको हुन्छ।उपन्यास साहित्यिक सिर्जना भएकोले यसको सिर्जनामा पनि स्रष्टाले कुनै किसिमको उद्देश्य राखेको पाइन्छ ।जीवन र जगतका बारेमा उपन्यासकारको जुन दृष्टिकोण हुन्छ, त्यो नै उपन्यासको खउद्देश्य हुन्छ। यसतो उद्देश्य उपन्यासमा प्रत्यक्ष वा अप्रत्यक्ष प्रस्तुत हुन्छ।जासुसी तिलस्मी उपन्यासको उद्देश्य रहस्य र रोमाञ्चक घटना बनाउनु हुन्छ भने ऐतिहासिक उपन्यासको उद्देश्य इतिहसको

कुनै घटना वा चरित्रलाई प्रस्तुत गर्नु रहेको हुन्छ ।आधुनिक उपन्यासहरु जीवन र जगतका यथार्थ चित्रण गर्ने उद्देश्यले लेखिएका हुन्छन् । यसर्थः आजका उपन्यासमा - अन्याय, कुण्ठा- नैरास्य, जस्ता विविध युगीन प्रवृत्तिहरूको चित्रण पाइन्छ।

**च. दृष्टिबिन्दु**

दृष्टिबिन्दु भन्नाले कुनै उपन्यासकारले उपन्यासमा ग्रहण गरेका स्थिति भन्ने बुझिन्छ । गद्याख्यानमा कथन पद्धति सम्बन्धी चर्चा गर्दा पर्सि लब्बोकले यसलाई निकै महत्वपूर्ण मानेका छन्। यसको चिनारीका प्रसङ्गमा आर. एफ. डिट्रिच. आर .एच. सन्डेलले यसलाई कथावाचकले घटना व्यापारसँग साक्षात्कार गराउन उभिएको ठाउँ हो भनेका छन्। यसले पात्र लगायत उपन्यासको संरचनामा पनि प्रभाव पार्ने भएकाले उपन्यासमा यसको स्थान उल्लेखनीय प्रतीत हुन्छ। दृष्टिबिन्दुलाई मूलत दुई किसिममा विभाजन गरिन्छ। प्रथम पुरुषीय वा ‘म’ पात्रद्वारा प्रस्तुत गरिएमा बाह्य दृष्टिबिन्दु भनिन्छ। यिनमा

सन्दर्भ - सामग्री


लम्साल, रामचन्द्र, र अन्य,  नेपाली कथा र उपन्यास  चार वर्षे बि.एड. प्रथम वर्ष ४१६

भण्डारी पारसमणी र अन्य,  नेपाली गद्य र नाटक एम.एड. नेपाली शिक्षा

**निष्कर्ष**

उपन्यास एक विस्तृत गद्यात्मक साहित्यिक विधा हो जसले मानव जीवनका विविध पक्षहरूलाई कथा, पात्र, वातावरण, संवाद, भाषाशैली, उद्देश्य र दृष्टिबिन्दुको संयोजनमा प्रस्तुत गर्दछ। यसले पाठकलाई नयाँ दृष्टिकोण दिनुका साथै मनोरञ्जन र शिक्षाको स्रोतको रूपमा पनि काम गर्दछ। उपन्यास लेखनमा यी तत्वहरूको कुशल संयोजनले नै यसको प्रभावकारिता र लोकप्रियता सुनिश्चित गर्दछ।